संघीय संसद

राष्ट्रिय सभा

# राष्ट्रिय सरोकार तथा समन्वय समिति

मिति : २०७५/०६/१२

बैठक संख्या : ८

## निर्णय

समितिको आजको बैठकमा उर्जा,जलस्रोत तथा सिंचाई मन्त्री मा० वर्षमान पुन, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयका सचिव तथा सिक्टा सिंचाइ आयोजना, बबई सिंचाइ आयोजना, रानीजमरा कुलरीया सिंचाइ आयोजना, भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना, माथिल्लो तामाकोशी जलविद्युत आयोजना, बुढीगण्डकी जलबिद्युत आयोजना (जलाशययुक्त) र पश्चिम सेती जलबिद्युत आयोजनाका पदाधिकारीहरुसंग छलफल हुँदा मन्त्रालय अन्तर्गत रहेका राष्ट्रिय गौरवको आयोजनाहरुलाई व्यवस्थित ढंगले सञ्चालन गर्ने सन्दर्भमा नेपाल सरकार, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालय र राष्ट्रपति चुरे संरक्षण कार्यक्रमको सन्दर्भमा देहाय बमोजिमका निर्णय भयो, -

(१) सिक्टा सिचाई आयोजनाका सन्दर्भमा उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयले गठन गरेको छानविन समितिको प्रतिवेदन तुरुन्त सार्वजनिक गर्न र आयोजना सञ्चालनको क्रममा देखिएका समस्याहरुलाई तत्काल समाधान गरी आयोजनालाई अविलम्ब अगाडि बढाउने सन्दर्भमा ठोस योजना बनाउन मन्त्रालयलाई निर्देशन दिने । साथै आयोजनाको तटिय क्षेत्रमा उत्पन्न हुन सक्ने सम्भावित समस्याहरुबारे सम्बन्धित स्थानीय तह तथा प्रभावित क्षेत्रको समुदायसंग समन्वय एवम् सहकार्य गरी आयोजना निर्माणको कामलाई अवरोध हुन नदिन आवश्यक तयारी गर्न मन्त्रालय र आयोजनालाई निर्देशन दिने ।

(२) अत्याधुनिक प्रविधि प्रयोग भएको भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना समयमै सम्पन्न गर्ने गरी योजनाबद्ध ढंगले पुर्ण तयारीका साथ अगाडी बढ्न साथै अन्य आयोजनाहरुमा समेत सोहि प्रकारका अत्याधुनिक प्रविधिको प्रयोग गरी निर्धारीत समयमै सम्पन्न गर्ने दिशामा अगाडि बढ्न नेपाल सरकार, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।

(३) जलविद्युतको क्षेत्रमा लगानीमैत्री वातावरण सृजना गर्न, स्वदेशी लगानीकर्तालाई प्रोत्सहन गर्न, अन्तर मन्त्रालय समन्वय एवम् सहकार्यलाई प्राथमिकताकासाथ अगाडि बढाउन र आयोजना सञ्चालनको क्रममा उचित दण्ड तथा पुरस्कारको नीतिगत ब्यवस्था गरी अविलम्ब कार्यान्वयन गर्न नेपाल सरकार, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।

**(४)** माथिल्लो तामाकोशी जलविद्युत आयोजना तोकिएको समयमै पुरा गर्न तथा बुढीगण्डकी जलबिद्युत आयोजना (जलाशययुक्त)को सम्बन्धमा तत्काल उपयुक्त निर्णय गरी आयोजना निर्माणको कार्य अविलम्ब अगाडि बढाउन नेपाल सरकार, उर्जा,जलस्रोत तथा सिंचाई मन्त्रालयलाई निर्देशन दिने ।

राष्ट्रिय सरोकार तथा समन्वय समिति